कञ्चन गाउँपालिका
Kanchan Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office Of The Rural Municipal Executive
Kanchan-2, Rupandehi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Ref No :- ०८२/८३
चलानी नं./Dispatch No.:- —

## हलुका सावारी चालक (ड्राइभिङ) तालिमका लागि आवेदन दिने सम्वन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः२०८३/०१/०८ )

कञ्चन गाउँपालिकाको चालु आ.व. २०८२/८३ को वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत युवाहरुलाई लक्षित हुलुका सवारी चालक (वर्ग B) को ड्राईभिङ तालिम संचालन गर्ने कार्यक्रम रहेकोले तपसिलको योग्यता पुगेको तालिम लिन इच्छुक कञ्चन गाउँपालिका वासी युवाहरुबाट मिति २०८३ साल बैशाख १४ गते कार्यालय समयभित्र तोकिएको ढाँचाको निवेदन यस कार्यालयको न्यायिक समितिको सचिवालय वा सम्वन्धित वडा कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

तपसिलः

क. कञ्चन गाउँपालिका भित्र स्थायी बसोबास भएको हुनुपर्नेछ,
ख. साधरण लेखपढ गर्न सक्ने (एस.इ.इ. वा सो सरह कम्तिमा योग्यता भएको )
ग. अति गरिब, विपन्न वा बेरोजगार व्यक्तिलाई प्राथमिकता दिइनेछ,
घ. आवेदक व्यक्तिको उमेर कम्तिमा १८ वर्ष पुरा ४० वर्ष ननाघेको हुनु पर्नेछ,
ङ. बेरोजार सूचिमा सूचिकृत व्यक्ति र एकल महिलालाई प्राथमिकता दिइनेछ,
च. कुनै व्यवसाय वा उद्यम गरेको भए सो सञ्चालन गरेको दर्ता प्रमाण पत्र,
छ. कुनै फौजदारी कसूरमा सजाय नपाएको स्वः घोषण पत्र,
ज. गाउँपालिकाबाट यस आ.व.मा कुनै पनि सिपमुलक तालिम नलिइएको,
झ. यस अघि गाउँपालिकाबाट सञ्चालित हलुका सवारी चालकको तालिम नलिइएको,
ञ. सहिद,द्वन्द्वपिडित र वैदेशिक रोजगारबाट फर्केका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ,

पेश गर्नु पर्ने कागजातहरुः

१.नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि थान १ (एक)
२. बैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको हकमा श्रम स्विकृती खुल्ने कागजात, र वैदेशिक रोजगारीमा गएको प्रमाण खुल्ने अध्यागमनको छाप लागेको राहदानीको प्रतिलिपि थान १ (एक)
३. गरिब तथा विपन्नता खुल्ने गरी सम्वन्धित वडा कार्यालयको सिफारिस वा नेपाल सरकारबाट जारी भएको सो बेहोरा खुल्ने परिचयपत्र वा कागजात,
४. पासपोर्ट साइटको फोटो (२) दुई प्रति फोटो
५. बसाई सराईको हकमा बसाईसराई दर्ता प्रमाणपत्रको प्रतिलिपि थान १ (एक)

निवेदनको ढाँचा सम्वन्धित वडा कार्यालयहरु र गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ ।

थप जानकारीको लागिः
गंगा घिमिरे ,वरिष्ठ प्रशासन सहायक सम्पर्क नं.९८४०९५८०७७

०८३/१/८
माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

Website: www.kanchanmun.gov.np E-mail: kanchangaupalika@gmail.com